# स्थानीय-राजपत्र

डाक्नेश्वरी नगरपालिकाद्वारा प्रकाशित

खण्ड-१ संख्याः ०१ मितिः २०८३।०३।०४

भाग-१

## "डाक्नेश्वरी नगरपालिकाको स्वास्थ्य सेवाका अधिकृत छैठौं स्तरका समायोजन भई पदस्थापना भएका स्वास्थ्यकर्मीहरुको स्तरवृद्धि सम्बन्धी ऐन, २०८३"

डाक्नेश्वरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पातो, सप्तरी
मधेश प्रदेश, नेपाल
प्रकाशित मितिः २०८३।०५।०१ गते सोमबार

**"डाक्नेश्वरी नगरपालिकाको स्वास्थ्य सेवाका अधिकृत छैठौं स्तरका समायोजन भई पदस्थापना भएका स्वास्थ्यकर्मीहरुको स्तरवृद्धि सम्बन्धी ऐन, २०८३"**

**प्रस्तावना :-**

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्थालाई समेत ध्यानमा राखी साविक सरकारी सेवामा स्थायी रुपमा कार्यरत रही डाक्नेश्वरी नगरपालिकामा समायोजित **स्वास्थ्य सेवाका अधिकृत छैठौं स्तरका समायोजन भई पदस्थापना भएका स्वास्थ्यकर्मीहरुको स्तरवृद्धि** भएका कर्मचारीको स्तरवृद्धि सम्बन्धमा आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२१, २२३, २२६, र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम डाक्नेश्वरी नगरपालिकाले बनाएको यो ऐन १८औं नगरसभाले स्वीकृत गरेको छ।

## परिच्छेद – १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो ऐनको नाम"**स्वास्थ्य सेवाका अधिकृत छैठौं स्तरका समायोजन भई पदस्थापना भएका स्वास्थ्यकर्मीहरुको स्तरवृद्धि समबन्धी ऐन, २०८३**"रहेको छ।

(२) यो ऐनको प्रारम्भ स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागु हुनेछ।

२. **परिभाषा :**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस ऐनमा,

(क) "नगरपालिका" भन्नाले डाक्नेश्वरी नगरपालिकालाई सम्झनु पर्दछ।

(ख) "कार्यालय" भन्नाले नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

(ग) "प्रमुख" भन्नाले डाक्नेश्वरी नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ।

(घ) "उप-प्रमुख" भन्नाले डाक्नेश्वरी नगरपालिकाको नगर उप-प्रमुखलाई सम्झनु पर्दछ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ बमोजिम नियुक्त डाक्नेश्वरी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(च) "प्रशासकीय संगठन र कर्मचारी दरबन्दी" भन्नाले डाक्नेश्वरी नगरपालिकाको प्रशासकीय संगठन र कर्मचारी दरबन्दी नगरसभाबाट स्वीकृत दरबन्दीका पदलाई सम्झनु पर्दछ।

(छ) "कार्यपालिका" भन्नाले डाक्नेश्वरी नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

(ज) "नगर सभा" भन्नाले डाक्नेश्वरी नगरपालिकाको नगर सभालाई संझनु पर्दछ।

(झ) "पदाधिकारी" भन्नाले कार्यपालिकाको प्रमुख, उप-प्रमुख, वडा अध्यक्ष तथा कार्यपालिकाको अन्य सदस्यलाई सम्झनु पर्दछ।

(ञ) "तोकिएको" वा "तोकिएको बमोजिम" भन्नाले स्थानीय तह हेर्ने नेपाल सरकारको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्झनु पर्दछ।

(ट) "तह तथा स्तर बृद्धि" भन्नाले साविक स्थानीय निकाय (गा.वि.स. र न.पा.) मा स्थायी नियुक्ति पाई कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम स्थानीय तहमा समायोजन एवं पदस्थापना भएका स्वास्थ्य सेवाका अधिकृत छैठौं स्तरका कर्मचारीहरुको स्तर वृद्धि सम्झनुपर्दछ।

(ठ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्दछ।

(ड) "स्थानीय कानून" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम नगर सभाले बनाएको कानून सम्झनु पर्दछ।

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

(ढ) "स्थानीय तह" भन्नाले नगरपालिका सम्झनु पर्दछ।

(ण) "स्थानीय राजपत्र" भन्नाले नगर सभाले बनाएको कानून स्थानीय राजपत्रमा प्रकाशन भन्ने सम्झनु पर्दछ।

(त) "सरकारी सेवा" भन्नाले निजामती सेवा ऐन, २०४९ र नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ बमोजिम गठन भएका सेवा सम्झनु पर्दछ।

## परिच्छेद – २
## तह तथा स्तर वृद्धि सम्बन्धी विशेष व्यवस्था

**३. स्तर वृद्धि सम्बन्धी विशेष व्यवस्था :**

(१) कर्मचारी समायोजन ऐन, २०७५ अनुसार स्तरवृद्धि नपाएका सरकारी सेवा (गा.वि.स. र न.पा.) डाक्नेश्वरी नगरपालिकामा कार्यरत स्वास्थ्य सेवाका अधिकृत छैठौं स्तरका कार्यरत समायोजन भई पदस्थापना भएका अधिकृत स्तरको कर्मचारीको हकमा ८ (आठ) बर्ष सेवा अवधि पुरा गरेकाको हकमा यो ऐन जारी भएपछि एक पटकका लागि मात्र स्वतः देहाय बमोजिम स्तरबृद्धि सम्बन्धी विशेष व्यवस्था अनुसार एक तह माथील्लो पदमा स्तरबृद्धि गरिने छ।

**क. स्वास्थ्य सेवाका देहायका तह तथा पदमा देहाय बमोजिम स्तरबृद्धि गरिने छः**

| क्र.सं. | हालको पद तथा तह | स्तरबृद्धि हुने तह र पद | सम्बन्धीत तहमा सेवा गर्नुपर्ने अवधि |
|---|---|---|---|
| १ | समायोजन ऐन, २०७५ बमोजिम स्वास्थ्य सेवाका हे.ई. समूहको सि.अ.हे.ब. अधिकृत छैठौं / ज.स्वा.नि. समायोजन तथा पदस्थापन भएको स्वास्थ्यकर्मीको हकमा | जनस्वास्थ्य अधिकृत सातौ | ८ बर्ष |
| २ | समायोजन ऐन, २०७५ बमोजिम स्वास्थ्य सेवाका प.हे.न. समूहको सि.अ.न.मि. अधिकृत छैठौं समायोजन तथा पदस्थापन भएको स्वास्थ्यकर्मीको हकमा | नर्सिंग अधिकृत सातौ | ८ बर्ष |

(ख) अधिकृत स्तर छैठौं तहमा ८ वर्ष वा सो भन्दा बढी अवधि काम गरेका स्वास्थ्यकर्मीहरुलाई अधिकृत स्तर सातौं तहमा स्वतः स्तर वृद्धि गरिनेछ।

(ग) स्तरवृद्धिको प्रक्रिया ऐनको दफा (४) बमोजिमको समितिले स्तर वृद्धि सम्बन्धी प्रक्रिया तत्काल अघि बढाउने छ।

(घ) तहवृद्धि तथा स्तर वृद्धिको लागि सेवा अवधिको गणना गर्दा सो को लागि दरखास्त दिने अन्तिम दिन सम्मको अवधिलाई गणना गरिनेछ।

(ङ) उपदफा (ट) बमोजिम प्राप्त हुन आएका आवेदकहरुको दरखास्त माथि छानवीन गरी ७ (सात) दिन भित्र मूल्याङ्कन गरी सात दिन भित्र दफा ४ बमोजिमको समितिले स्तर वृद्धिका लागि सिफारिस गर्नु पर्नेछ।

(च) समितिको सिफारिस बमोजिम ७ दिन भित्र स्तर वृद्धि गरी पदस्थापन गर्नु पर्नेछ।

(छ) यो ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम स्थानीय निकायमा स्वास्थ्य सेवाका हे.इ. तथा प.हे.न. समुहका अधिकृत स्तर छैठो समान पद र तहमा समायोजन भै यो ऐन जारीको बखत ८ बर्ष वा सो भन्दा बढी सेवा अबधि पुरा गरेका स्वाथ्यकर्मीहरुको लागि १ पटकका लागि समायोजन हुनुभन्दा पहिलेको सम्बन्धित पद देखि नै ज्येष्ठता कायम हुनेगरी अख्तियारबालाले स्वतहः स्तरवृद्धि गरिदिने छ। यसरी स्तरवृद्धि हुने पद स्वतः स्वास्थ्य शाखा र स्वास्थ्यचौकी हरुमा सिर्जना हुनेछ र कुनै कारणले निज कर्मचारीहरु सेवामा बहाल नरहेमा स्वतः खारेज भैजाने छ।

(ज) स्तर वृद्धि पत्र अनुसूची १ बमोजिम हुनेछ।

नि. प्रमुख प्रशासकीय अधिकृत

(झ) स्तरवृद्धि भएका स्वास्थ्यकर्मीहरुलाई प्रमुख प्रशासकीय अधिकृतले यो ऐन बमोजिम सृजित दरबन्दीमा पद स्थापना गरिनेछ।

(ञ) स्तरवृद्धि उम्मेदबारले तपशिल बमोजिमका कागजात सहित प्रमुख प्रसशाकिया अधिकृत समक्ष निबेदन सहित पेश गर्नुपर्नेछ।

**तपशिल**

१. शुरुको नियुक्ति पत्र।
२. स्तरवृद्धि पत्रहरु।
३. समायोजन भएका पत्र।
४. पदस्थापन पत्र।

## निवेदनको ढाँचा

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यु.
डाक्नेश्वारी नगरपालिकाको कार्यालय
पातो, सप्तरी

मितिः..............

**बिसयः स्तरवृद्धि गरिदिने सम्बन्धमा .**

महोदय,

सेवामा सबिणय नर्म निबेदन यो छ कि यस डाक्नेश्वारी नगरपालिको कार्यालयमा बिगत .......... बर्ष देखि सि.अ.हे.ब. अधिकृत/जन.स्वा.नि./सि.अ.न.मि. अधिकृत छैठो पद तथा तहमा कार्यरत रहेकोले **"डाक्नेश्वरी नगरपालिकाको स्वास्थ्य सेवाका अधिकृत छैठौं स्तरका समायोजन भई पदस्थापना भएका स्वास्थ्यकर्मीहरुको स्तरवृद्धि सम्बन्धी ऐन, २०८३"** को परिच्छेद २ को १ बमोजिम मेरो सेवा अबधि पुरा भएकोले मलाई जन स्वास्थ्य अधिकृत/ नर्सिंग अधिकृत सातौ पद तथा तहमा स्तरवृद्धि गरिदिनु हुनको लागि अनुरोध गर्दछु। साथै यसै निबेदन साथ तपशिलका कग्जथारू पेश गरेको छु।

**तपसिल**

१. शुरुको नियुक्ति पत्र।
२. स्तरवृद्धि पत्रहरु।
३. समायोजन भएका पत्र।
४. पदस्थापन पत्र।

**निवेदक**
नाम ..........................
पद ..........................
तह ..........................
क.स.नं. ......................

प्र. प्रमुख प्रशासकीय अधिकृत

CamScanner

## परिच्छेद – ३
## तह तथा स्तर वृद्धि सम्बन्धी व्यवस्था

**४. तह तथा स्तर वृद्धिका लागि समिति गठन सम्बन्धि व्यवस्था :**

(१) यस ऐन बमोजिम कर्मचारीको तह तथा स्तरबृद्धि गर्न देहाय बमोजिमको एक समिति रहने छ ।

क. प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कम्तीमा सातौं/आठौं तह वा अन्य स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत –**संयोजक**

ख. अधिकृत स्तरको कर्मचारी एक जना –**सदस्य**

ग. प्रशासन शाखा वा अन्य शाखामा प्रशासन सेवाका कार्यरत कर्मचारी –**सदस्य सचिव**

**५. ज्येष्ठता निर्धारणको आधार :** तह वा स्तरवृद्धि भएको कर्मचारीहरुको ज्येष्ठता निर्धारण गर्दा तह वा स्तरवृद्धि भएको तह भन्दा अघिल्लो तहमा स्तरवृद्धि पाउँदा कायम भएको ज्येष्ठतालाई नै ज्येष्ठता निर्धारणको आधार मानिने छ ।

**६. पदस्थापन सम्बन्धी व्यवस्था :** यस ऐन बमोजिम स्तरबृद्धि भएका कर्मचारीहरुको मिल्दो सेवा समूह/उप समूहको पदमा प्रमुख प्रशासकीय अधिकृतबाट पदस्थापन गर्नुपर्ने छ ।

**७. यस ऐन बमोजिम हुने :** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनमा लेखिएको कुरा यसै ऐन बमोजिम हुनेछ ।

**८. खारेजी र बचाउ :** यस भन्दा अगावै कर्मचारी समायोजन ऐन, २०७५ अनुसार समायोजन भएका सरकारी सेवाका कर्मचारीहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

नि. प्रमुख प्रशासकीय अधिकृत

# अनुसूची – १

(दफा ३ को उपदफा (ढ) सँग सम्बन्धित)

**स्तरवृद्धि पत्र**

मिति: ......................

पत्र संख्या:
चलानी नं.:
श्री.................................................................
.....................................................................।

**विषय: स्तर वृद्धि गरिएको सम्बन्धमा।**

**"डाक्नेश्वरी नगरपालिकाको स्वास्थ्य सेवाका अधिकृत छैठौं स्तरका समायोजन भईपदस्थापना भएका स्वास्थ्यकर्मीहरुको स्तरवृद्धि सम्बन्धी ऐन, २०८३"**कर्मचारीको स्तर वृद्धि सम्बन्धी ऐन, २०८३ मा भएको व्यवस्था बमोजिम यस कार्यालयको मिति .................. को निर्णय अनुसार तपाईं हाल कार्यरत तहमा काम गरेको अवधिलाई ज्येष्ठता गणना गरी तपसिल बमोजिम स्तर वृद्धि गरिएको छ।स्तर वृद्धि हुनु भएकोमा हार्दिक बधाई छ।

**तपसिल:**

| हाल कार्यरत रहेको पदको विवरण | स्तर वृद्धि भएको पदको विवरण |
|---|---|
| सेवाः<br>समूह/उपसमूहः<br>पदः<br>तहः | सेवाः<br>समूह/उपसमूहः<br>पदः<br>तहः |

..........................................
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ:**

श्री भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा।
श्री कर्मचारी सञ्चय कोष, त्रिदेवीमार्ग, ठमेल, काठमाडौं।
श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाडौं।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, सप्तरी, राजविराज।
श्री आर्थिक प्रशासन शाखा, डाक्नेश्वरी नगरपालिका, पातो, सप्तरी।

आज्ञाले,
राम किसुन यादव
नि. प्रमुख प्रशासकीय अधिकृत

प्रमाणित मिति: २०८३ साल श्रावण ०४ गते